नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(.......................अनुमतिपत्र महाशाखा.......................)

फोन नं. ४४११०७४, ४४११५३७, ४४११७६८, ४४१९५०१, ४४४५७७५, ४४३४११९, ४४३९३६२
फ्याक्स ४४४३९०३
पोष्ट बक्स नं. २५०७
सानोगौचरण
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७६/७७
चलानी नं. : १२६२

मितिः २०७७/०१/३१

**विषयः- मर्स्याङदी क्यास्केड ज.वि.आ., तनहुको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।**

श्री उज्यालो इनर्जी सोलुसन प्रा.लि.,
गैरीधारा, वडा नं. २ ।
काठमाडौं, नेपाल ।
फोन न. ९८०८५१७४८४ ।

प्रस्तुत विषयमा तहाँबाट तनहु जिल्लामा अवस्थित मर्स्याङदी खोलामा प्रस्तावित मर्स्याङदी क्यास्केड जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको माग गरि पेश भएको दरखास्त माथि कारवाही हुँदा तपसिल बमोजिमका नपुग कागजात/प्रतिवेदनहरू पन्ध्र (१५) दिनको समयावधि भित्र पेश गर्नुहुन मिति २०७६/१२/०५ गतेको विभागीय निर्णयानुसार जानकारी गराइन्छ ।

तपसिल (माग गरिएका नपुग प्रतिवेदनहरू/कारणहरू):

१। विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा १८ बमोजिम चेक गर्दा प्रस्तावित आयोजना गण्डकी नदी बेसिन गुरुयोजना अन्तर्गतको ७४० मेगावाट क्षमताको मर्स्याङदी जलाशययुक्त जलविद्युत आयोजनाको श्रोत तथा संरचनासँग दोहोरो देखिएकोले गुरुयोजनाको मूल उद्धेश र मर्म विपरित नहुने गरी तयार पारिएको स्पष्ट हाइड्रोलोजिकल अध्ययन सहितको desk study report ।

२। प्रस्तावित आयोजनाको जडित क्षमता ५०० मेगावाट भन्दा माथि रहेको देखिंदा विद्युत नियमावली २०५० को नियम २४ अनुसारको थप रु. १,००,००,०००।०० (अक्षरुपि: एक करोड रुपैंया मात्र) बराबरको अनुमतिपत्र दस्तुर ।

३। विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा ८ बमोजिम हुने गरि प्रवर्द्धकको आर्थिक क्षमता वा हैसियत पुष्टी हुने प्रमाणित कागजातहरुको विवरण (चार्टर्ड एकाउन्टेन्टबाट जारी गरिएको सक्कल वा प्रमाणित नेटवर्थ प्रमाणपत्र) तथा चार्टर्ड एकाउन्टेन्टको संस्था दर्ता प्रमाणपत्र एवम् नविकरण भएको निस्साको प्रमाणित प्रतिलिपि ।

४। आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा ९ बमोजिम हुने गरि प्रवर्द्धकको प्राविधिक क्षमता वा हैसियत पुष्टी हुने प्रमाणित कागजात ।

५। नापी विभागबाट प्रकाशित सक्कल टोपो नक्सामा रेखांकन गरिएको आयोजनाको जलाधार क्षेत्र तथा आयोजना क्षेत्रको अक्षांश, देशान्तर ।

६। अख्तियारवालाको स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन नम्बर, मोबाइल नम्बर, फयाक्स नम्बर, इमेल तथा नागरिकता प्रमाणपत्रको फोटोकपी प्रति ।

७। प्रबर्द्धक श्री उज्यालो इनर्जी सोलुसन प्रा.लि. तथा परामर्शदाता संस्था श्री धौलागिरी इनर्जी कन्सल्ट प्र.लि. को कर चुक्ता तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट जारी गरिएको कम्पनी अद्यावधिक भएको व्यहोराको प्रमाणित प्रति ।

Nepal
.........................
रवि नेपाल
इन्जिनियर